# अनुसूची २

(दफा ५ तथा अनसूची - १ को भाग - २ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## सिगास गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ७ असार ७ गते, २०७५ साल

## भाग २

## सिगास गाउँपालिकाको मदिरा बिक्रि वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७५

(स्वीकृत मिति : २०७५।०३।०५)

## प्रस्तावना

यस सिगास गाउँपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम, नियन्त्रण गर्नुका साथै मदिरा विक्री बितरण कार्यलाई व्यवस्थित र नियमन आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सिगास गाउँ कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेदः- १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नामः "मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

### २. परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले **स्थानीय सरकार संचालन ऐन, २०७४** लाई संझनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सिगास गाउँपालिका लाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले सिगास गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “मदिरा” भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिएको विदेशी वा दर्ता भएको कुनै निश्चित फर्म वा कम्पनी बाट उत्पादित स्वदेशी सबै किसिमको मदिरा र बियर समेतलाई जनाउछ ।

(च) “डिलरवाला” भन्नाले सिगास गाउँपालिका भित्र मदिराको थोक बिक्री गर्ने अनुमती प्राप्त बिर्केतालाई सम्झनु पर्दछ ।

(छ) “होटल” भन्नाले भोजन खानपिनको प्रबन्ध भई बसोबासको सुबिधा दिने वा नदिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाइ जनाउंछ ।

(ज) “सभा” भन्नाले गाउँपालिकाको सभालाई संझनु पर्दछ ।

(झ) “प्रमुख” भन्नाले गाउँपालिका प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) “उप प्रमुख” भन्नाले गाउँपालिकाको उप प्रमुखलाई सम्झनुपर्दछ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँकार्यपालिकाको कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संझनु पर्दछ ।

(ड) “वडा अध्यक्ष” भन्नाले तत वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ढ) “सचिव” भन्नाले सिगास गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनु पर्दछ ।

(ण) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनु पर्दछ ।

(त) “समिति” भन्नाले प्रत्येक वडामा गठित **वडा स्तरीय मदिरा व्यवस्थापन समिति** लाई सम्झनु पर्दछ ।

(थ) “मूल समिति” भन्नाले सिगास गाउँपालिकामा गठित सिगास गाउँपालिका मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः–२

## समिति गठन सम्बन्धि व्यवस्था

**३.** मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्षहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेका ५ जना | सदस्य |
| (ग) प्रहरी चौकी कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी | सदस्य |
| (घ) होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष | सदस्य |
| (ङ) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघ संस्था, आमा समुह वाट ३ जना (महिला सहित) गाउँ कार्यपालिकाले तोकेका | सदस्य |
| (च) उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| (छ) मदिरा व्यवसाय समितिको अध्यक्ष | सदस्य |
| (ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**४.** मूल समितिको काम कर्तव्य र अधिकार

क) मदिराको बिक्री बितरणलाई व्यवस्थित गरि नगरमा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस निर्देशिकालाई कडाइका साथ लागु गर्ने गराउने ।

घ) यो निर्देशिका विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

**५.** वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

**६.** वडा समितिको गठन मदिराको विक्री वितरण लाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाए बमोजिम वडा स्तरिय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | संयोजक |
| (ख) | सम्वन्धित वडाका वडा सदस्यहरु | सदस्य |
| (ग) | वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी | सदस्य |
| (घ) | सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्ये संयोजकले तोकेको महिला सहित ३ | सदस्य |
| (ङ) | सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समुहको प्रतिनिधि वडा अध्यक्षले तोकेको व्यक्ति/युवा क्लब | सदस्य |
| (च) | व्यवसायी बाट १ जना | सदस्य |
| (छ) | सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

**७.** वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः

क) वडामा यस निर्देशिका वमोजिम मदिरा बिक्री वितरण सेवन भएको छ छैन सो को अनुगमन गर्ने र सो को जानकारी मूल समितिलाई दिने ।

ख) यस निर्देशिका बमोजिम मदिराको विक्री वितरण सेवनलाई व्यवस्थित गर्ने प्रभावकारी कार्यान्वयन गर्ने ।

ग) यस निर्देशिकाको पालन नगर्नेलाई यस निर्देशिका वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) यस निर्देशिका वमोजिम आफुले गर्नुपर्ने अन्य कार्यहरु गर्ने ।

## परिच्छेदः – ३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

८. यस निर्देशिका विपरित मदिरा विक्री वितरण तथा सेवन गर्ने ब्यक्ती तथा फर्मबाट यस निर्देशिका बमोजिम उठेको जरिवाना रकमको ३० प्रतिशत वडा समितिमा, २० प्रतिशत प्रहरी प्रशासन र ५० प्रतिशत यस समितको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।

क) कोषको संचालन मदिरा व्यवस्थापन कोषको संचालन गाउँपालिका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ ।

ख) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवाना वाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ ।

९. कोषको रकम खर्च गाउँपालिकाको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ ।

क) आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तीहरुलाई आर्थिक सहयोग गर्ने ।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

ग) बेवारिसे ब्यक्तीहरु मरी लास सदगद गर्नु परेमा आवश्यक खर्च गर्ने

घ) गाउँपालिकाले उचित ठहरयाएको अन्य समाजिक सेबामा खर्च गर्ने ।

ङ) मदिरा सेवन विरुद्धको जनचेतना मुलक कार्यक्रमहरुमा फलदायि खालका कार्यक्रमहरु संचालन गर्ने ।

च) वडामा रहेको ३० प्रतिशत रकम वडा समितिको नाममा खाता खोली, समिति संयोजक तथा सदस्य सचिवको संयुक्त दस्तखतवाट आवश्यकता अनुसार खर्च गर्ने ।

## परिच्छेदः – ४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

१०. मदिराको विक्री वितरण गर्दा समाजमा शान्ति सुव्यवस्था अमन चयन नखल्वलिने, घरेलु हिंसा, समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ ।

क) थोक विक्रेताले विहान ८ वजे देखी वेलुकी ७ वजे सम्म, खुद्रा विक्रेताले विहान ९ वजे देखी वेलुकी ८ वजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले वेलुका ६ वजे देखी रात्री १० वजे सम्म मात्र बेच विखन गर्न पाइनेछ ।

ख) गाउँपालिकाले मुख्य वजार क्षेत्र तोकिएको स्थान वाहेक सार्वजनिक स्थान विद्यालय, स्वास्थ्य संस्था, मंन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट **२००** मिटर भित्र वेचविखन गर्न पाईने छैन ।

ग) मदिरा विक्री वितरणको कारोवार अनुमति लिएकाहरुले मदिरा वाहेक सोहि ठाउंमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन ।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलवाट मदिरा विक्री वितरण गर्न पाईने छैन ।

ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष वाहिर देखिने गरि प्रदर्शन गर्न पाईने छैन ।

च) मदिराको स्विकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ ।

छ) १८ वर्ष भन्दा मुनीका व्यक्तिलाई मदीरा विक्री वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

ज) वडा समितिले मदिरा व्यवसायको लागी सिफारिस गर्दा अनिर्वाय रुपले टोल विकास संस्थाको सिफारिस, आमा समूहको सिफारिस तथा सर्जमिन मुचुल्का पेश गर्नु पर्नेछ ।

११. कारवाही सम्बन्धी ब्यबस्थाः- यो निर्देशिका विपरित मदिरा विक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटक रु.५,०००।- जरिवाना

ख) दोश्रो पटक रु.१०,०००।- जरिवाना

ग) तेश्रो पटक रु.२०,०००।- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा इजाजत पत्र खोरज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

- माथि उल्लेखित मदिरा बिक्रेताहरुले आफ्नो कारोबार निर्देशिका बमोजिम बिक्रि बितरण नगरेमा यस निर्देशिका बमोजिम कारबाही गरिनेछ ।

- घरेलु मदिरा बिक्री बितरण गरेमा दफा ११ को क, ख र ग बमोजिम कारवाही गरिने छ ।

- दिउँसो मदिरा बिक्री वितरण गर्ने ब्यक्ति वा फर्म पत्ता लगाई दफा ११ को क, ख र ग बमोजिम जरीवाना गरीने छ ।

**१२.** यस निर्देशिका विपरित मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्वल्याउने, झै-झगडा गर्ने, हो हल्ला गर्ने जस्ता कार्य गरेको/हिडेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछ ।

क) पहिलो पटक लाई रु.२,०००।- जरिवाना

ख) दोश्रो पटक लाई रु.४,०००।- जरिवाना

ग) तेश्रो पटक लाई रु.६,०००।- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा प्रत्यक पटक रु.१०,०००।- जरिवाना गरिनेछ ।

- चाडपर्व, विवाह, जात्रा तथा दिउँसो मदिरा सेवन गरी हो हल्ला गर्ने झै-झगडा गर्ने ब्यक्तिलाई माथि उल्लेख भए बमोजिम जरिवाना हुनेछ ।

(१) सिगास गाउँकार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु, स्वयमसेवीका, आमा समुहले तथा अनुमति विना मदिरा वेचविखन गरेमा वा कर्मचारीहरुले कार्यालय समयमा सेवन गरेको पाईएमा यसै निर्देशिकाको दफा १२ मा भएको दण्ड जरिवाना सहित थप कार्यवाही गरिनेछ ।

(२) यदी कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न नचाहे निजलाई वडा कार्यालय तथा गाउँपालिकावाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गरिनेछ ।

(३) वडा कार्यालयवाट मदिरा व्यवसायका लागी सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफरिस, आमा समुहको सिफारिस तथा सर्जमिन मुचूल्का आवश्यक हुनेछ ।

(४) आन्तरिक राजस्व कार्यालयमा मदिरा बेचविखन गर्न नयाँ फर्म दर्ता तथा नबिकरण गर्दा गाउँपालिकाको सिफारीस अनिवार्य हुनेछ ।

- सिफारीस दस्तुर गाउँकार्यपालिकाको निर्णय अनुसार लाग्ने छ ।
- निर्देशिका बिपरीत फर्म नविकरण गरिएमा खारेजिका लागी आवश्यक प्रकृया चालिने छ ।

१३. यो निर्देशिकालाई पूर्णरुपले पालन गर्नु गराउनु प्रत्येक गाउँबासीको कर्तब्य हुनेछ ।

१४. यो निर्देशिका लागू गर्नु पूर्व सर्वसाधारणको जानकारीका लागि सवै वडा कार्यालयहरु, सार्वजनिक स्थानहरु तथा यस गाउँपालिकाको कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।

१५. यस निर्देशिकाको कार्यन्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेशहरु जारी गर्न सक्नेछ ।

१६. मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागि गाउँपालिकाले आवश्यकता अनुसार कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

१७. यस निर्देशिकाको पालना गर्न गराउँन सम्बन्धित निकायहरुलाई अनुरोध गरिने छ ।

आज्ञाले,
गणेशलाल महर्जन
प्रमुख प्रशासकीय अधिकृत